विचार

{ संस्कृति कुनै कला होइन, यो त समाजद्वारा स्वीकृत गरिएको आचरण पद्धति हो।
– चक्रवर्ती

{ भूमण्डलकै स्वामी किन नहोस्, आफ्नी आमाको ऋण कुनै पनि पुत्रले चुकाउन सक्दैन।
– प्रेमचन्द

सम्पादकीय

नेपाल समाचारपत्र NEPAL SAMACHARPATRA

चुस्त कार्यसम्पादनमा ध्यान देऊ

निजामती कर्मचारीको उमेर हद ५८ वर्ष नै कायम गर्ने संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको निर्णयलाई उल्टचाउन उच्चपदस्थ कर्मचारीहरू खुलेर लागेका छन् । मन्त्रालयको यस्तो निर्णय उल्टचाउन उच्च पदस्थ कर्मचारीहरू अर्थमन्त्री डा. युवराज खतिवडालाई समेत प्रभावित पार्न सफल भएका छन् । संघीय मामिलाले संघीय निजामती संघको गठन, सञ्चालन र सेवाका सर्तहरूको व्यवस्था गर्न बनेको प्रस्तावित विधेयकको दफा ५०मा अवकाश पाउने उमेर हद ५८ वर्ष कायम गरेको थियो । यस सम्बन्धमा सामान्यले राय लिँदा अर्थ मन्त्रालयले उमेर हद ६० वर्ष बनाउनुपर्ने सर्तलाई समावेश गरेर विधेयकलाई अघि बढाउन सहमति प्रदान गरेको छ ।

अर्थमन्त्री डा. खतिवडाको अध्यक्षतामा एक साताअघि बसेको बैठकले अवकाशको उमेर हद ६० पुऱ्याएर मात्र विधेयक पारित गर्नुपर्ने भनेको छ । सरकारमाथि थपिँदै गएको निवृत्तीभरणको बोझ, औसत आयुमा भएको वृद्धि, सबै तह र सेवामा देखिएको अवकाश उमेरको विविधता, प्रदेश र स्थानीय तहको नयाँ संरचनामा अनुभवी कर्मचारीको आवश्यकतालाई समेत दृष्टिगत गर्दै अवकाशको उमेर हद २ वर्ष थप्ने भनेको छ । अर्थले दिएको सहमतिपत्रमा उमेर हद बढाउँदा वृत्ति विकासलाई ध्यानमा राखेर १ वर्षपछि मात्र लागू हुने गरी वर्तमान प्रावधानमा थप्ने पनि भनिएको छ । पछिल्लोपटक कानुनविद् काशीराज दाहालको संयोजकत्वमा गठित उच्चस्तरीय प्रशासन सुधार समितिले कर्मचारीको उमेर ६० वर्ष पुऱ्याउन सुझाएको थियो ।

कर्मचारीको अनुभव र दक्षता सदुपयोग गर्न सकिने, नेपालीको औसत आयु ७१ वर्ष पुगेको, पेन्सनको भार कम हुने पक्षलाई विश्लेषण गर्दै यस्तो सिफारिस गरेको थियो । सोहीअनुरूप शेरबहादुर देउवा नेतृत्वको सरकारको कार्यकालमा सामान्य प्रशासनले बनाएको विधेयकमा कर्मचारीको अवकाश उमेर ६० वर्ष बनाउन प्रस्ताव गरिएको थियो । विधेयक पुनरवलोकनको क्रममा ६० वर्षको उमेर हदको प्रस्तावलाई हटाएर ५८ वर्ष नै यथावत् राखिएको मन्त्रालयले जनाएको छ । हाल बहालवाला सचिव, सह-सचिव र अन्य अधिकारी पनि अवकाश उमेर हद बढाउनुपर्ने पक्षको चलखेलमा लागेका बुझिएको छ । सामान्य प्रशासन मन्त्रालयले मस्यौदामाथि अर्थ र कानुन मन्त्रालयको राय आउन बाँकी रहेको बताउँदै त्यसपश्चात् मन्त्री परिषद्मा पेस गर्ने जनाएको छ ।

कर्मचारीको उमेर हद बढाउँदा संघ र स्थानीय तहमा तत्काल अनुभवी कर्मचारीको अभाव टर्ने भए पनि निजामती सेवामा युवा जनशक्तिले अवसर पाउने सम्भावना ज्यादै न्यून रहन्छ । प्रविधिमैत्री जनशक्ति परिचालन नभएसम्म संघ, प्रदेश र स्थानीयतहले जनअपेक्षाअनुसार कार्यसम्पादन गर्नेमा अझै वर्षौंसम्म आशंका रहिरहन्छ । त्यसैले अवकाशको उमेरहद बढाउने गृहकार्य भइरहँदा छिटो, छरितो र प्रभावकारी सेवा कसरी प्रभावकारी बनाउन सकिन्छ भन्नेबारेमा पनि बेलैमा सोच्न जरुरी छ ।

विपद् व्यवस्थापनमा चुनौती

डा. डीआर उपाध्याय

अहिले देशका विभिन्न भू-भागमा बाढी-पहिरो र डुबानका कारण धनजनको क्षेति भइरहेको छ। तर, सरकार विपद् व्यवस्थापनमा सक्रियता देखाइरहेको छैन। यस वर्षको मनसुन सक्रिय हुँदा देशभर अविरल वर्षा भइरहेको छ। भारी वर्षाका कारण देशभरको जनजीवन प्रभावित भएको छ। वर्षा शुरू हुनुअगावै राज्यले सतर्कता देखाउनु पर्दथ्यो। देखाउन सकेन। यो सरकारको कमजोरी हो।

अहिले देशका धेरैजसो ठाउँमा वर्षाका कारण पहिरो गएको छ। पहिरोमा बस्तीहरू डुबेका छन्। जसका कारणले गर्दा बाढीले बस्ती नै बगाएको छ। योभन्दा दुःख लाग्दो कुरा अरू के हुन्छ ? सरकार यो विषयमा गम्भीर हुनुपर्छ। बाढीपीडितलाई राहतको व्यवस्था छिटो गरिनुपर्छ। सडक आवागमनमा अवरोध खडा हुँदा धेरैजसो यात्रु बीच बाटोमा अलपत्र परेको अवस्था छ। हरेक वर्षको मनसुन शुरू हुँदा बाढी-पहिरो जाने, तराई-मधेस डुबानमा पर्ने गरेका छन्। यो नौलो विपद् होइन, धेरै प्राकृतिक विपद् व्यहोर्दै आएका छौं।

> यति बेला देशभरि नै अविरल वर्षाले जनजीवन प्रभावित छ। धेरैजसो पहाडी मार्ग अवरुद्ध छन्। ठाउँ-ठाउँमा पुल भत्किएका छन्। बाटो अवरुद्धका कारण जनताले धेरै सास्ती भोग्नुपरेको अवस्था छ। बाढी-पहिरोपछि कतिपय शहर र गाउँको सम्बन्ध नै टुठेको छ। अवरुद्ध बाटो खोल्ने काममा सम्बन्धित पक्षको ध्यान पुग्न सकेको छैन।

प्राकृतिक प्रकोप बढ्नुभन्दा पहिला राज्यले सतर्कता अपनाउनुपर्ने हो, कुनै चासो नै दिँदैन। जब भयो राति, तब बूढी ताती ठ्याक्कै यो उखानको सम्झना आउँछ। देशको सरकार यस्तै छ। पहिला पनि यस्तै थियो। यस्तो भएपछि देशका नागरिकले दुःख पाउँछन्। र, पाइरहेका छन्।

प्राकृतिक विपद् न्यूनीकरण गर्ने भन्दै तालिम गोष्ठी तारे होटलमा हुने गर्छन्। तालिम गोष्ठीको नाममा अर्बौं रुपियाँ राज्यकोषबाट र विदेशी दाताको सबै सकाइन्छ। तर, उपलब्धि शून्य छ। यस्तो भएपछि देश चल्छ ? प्राकृतिक प्रकोप आउँदा यो अवस्था राज्यले व्यहोर्नुपरेको छ। बाढी-पहिरोका कारण मान्छे मरिरहेका छन्। बाढी-पहिरोमा परि बर्सेनि हजारौंको हाराहारीमा निधन हुने गरेको छ। प्राकृतिक प्रकोप भनेको कसैले रोकेर रोकिने कुरा होइन, तर समयमै सतर्कता अपनाउन सकियो भने यसबाट हुने क्षतिलाई न्यूनीकरण भने गर्न सकिन्छ। हामी सबै सचेत र गम्भीर हुनुपर्ने विषय नै यही हो। बाढीबाट बच्न पूर्वतयारी र सतर्कता अपनाउन सकेमा धनजनको क्षतिलाई कम गर्न सकिन्छ। वन-जगंल फँडानी गर्नाले पहाडी भेगहरूमा पहिरो जाने क्रम बढ्दो छ। जथाभावी वन फँडानी गर्न हुँदैन भन्ने ज्ञान सबै नागरिकमा हुनुपर्छ। नागरिक सचेत नभएसम्म यस्ता काम कहिले रोकिँदैन। अहिले मनसुन शुरू भएको छ, अविरल वर्षाका कारण जुनसुकै भू-भागमा जे पनि हुन सक्ने खतरा छ, त्यस कारणले गर्दा सरकारले उद्धार र राहतका लागि खडा गरिएका सबै संयन्त्रलाई तयारीका साथ राख्नुपर्छ। त्यसो गरियो भने राहत बाँड्न सजिलो हुनेछ।

आवश्यक सम्पूर्ण सामग्री व्यवस्थापन गर्नु राज्यको कर्तव्य हो। खास गरी स्थानीय प्रशासन चनाखो भएर परिस्थितिलाई हेर्नुपर्छ। जुन ठाउँमा आपद् विपद् पर्छ, त्यस ठाँउमा तत्काल टोली परिचालन गरी उद्धार र राहतको कामलाई तीव्र पार्नुपर्छ। यसअघिका थुप्रै प्राकृतिक प्रकोपका घटनामा तत्काल उद्धार टोली खटाउन नसक्नाले धेरैले ज्यान गुमाउनु परेको तीतो अनुभव हामीसँग छ। ती विगतका अनुभवबाट पाठ सिकेर विपद् व्यवस्थापनमा अघि बढनुपर्ने आवश्यकता देखिएको छ। अब कमी-कमजोरी सच्चाउँदै अघि बढ्ने बेला हो यो। विपद् व्यवस्थापनमा सम्पूर्ण नेपाली नागरिक एकजुट हुनुपर्छ। पार्टीगत स्वार्थ त्यागेर सबै मिलेर लाग्नुपर्छ।

अहिले देशभरि स्थानीय सरकार छ। स्थानीय सरकारले यस विषयमा अलि बढी चासो र सतर्कता अपनाउन जरुरी छ। स्थानीय सरकारको नेतृत्व गरिरहेका जनप्रतिनिधि सक्रियताका साथ लाग्नुपर्छ। प्राकृतिक विपत्तिले कुनै पनि नागरिकको अकालमा ज्यान नगुमोस् भन्ने हो। त्यसका लागि नै सतर्कता अपनाउने हो। यतिखेर सबैभन्दा नजिकको र भरपर्दो सरकार भनेकै स्थानीय सरकार हो। स्थानीय जनप्रतिनिधि विशेष गरेर प्राकृतिक प्रकोपको सामाना गर्न र पीडितलाई राहत र उद्धार कार्यमा खटिनुपर्छ। जनताको सेवा हुँदैन भने स्थानीय सरकार भएको के अर्थ ? बुझ्नुपर्ने कुरा यो हो। उद्धार र राहतका लागि आवश्यक सबै सामग्री जोहो गरी स्थानीय सरकार तयारीका साथ बस्नुपर्छ। किन भने योभन्दा ठूलो विपद् आउन पनि सक्छ। यो त वर्षायामको शुरूआत मात्र हो। बाढी-पहिरो, डुबान जस्ता प्राकृतिक प्रकोपको सामना गर्दै जानुपर्ने अवस्था देखिन्छ। जोखिमयुक्त बस्तीहरूमा स्थानीय सरकारले पूर्वसचेत बनाएर राख्नुपर्छ। त्यसो भयो भने क्षति घटाउन सकिन्छ।

बाढी पहिराकै कारणले हरेक वर्ष धनजनको क्षति बेहोर्नु परेको पीडा छँदै छ। अझै त्यस्तो स्थिति नहोस् भन्ने कामना हो। अरू उपाय नागरिकसँग के नै हुन्छ र ? ग्रामीण तथा पहाडी क्षेत्रमा प्राविधिकरूपमा परीक्षण नगरी सडक निर्माण गर्दा बाढी-पहिरो बढी मात्रमा जाने कुरा सम्बन्धित सरोकारवाला विज्ञहरूले बताउँदै पनि आएका छन्। बसाइँसराइका कारण बढेको वन फँडानी तथा अन्य मानवीय अतिक्रमणका कारण बाढी-पहिरोको जोखिम बढेर गएको हो। यो यथार्थ कुरा हो। पहाडमा पहिरो, तराईमा बाढी बर्सेनि आउने गरेको छ। यो त सबैलाई थाहा छ, तर सावधानी अपनाउने कुरामा न नागरिकले चासो दिन्छन् न त सरकारले। समस्या यो हो। होचुवाको भरमा सडक निर्माण गरिएको छ। त्यहाँ पहिरो नगएर के जान्छ ? यस्तै, अन्य प्रकृतिक एवं भौगर्भिक कारणले पनि ठूल्ठूला पहिरो जाने गरेको छ। केही दिन पहिले बाग्लुङमा गएको पहिरो त्यस्तै भौगर्भिक कारणले गएको सरोकारवाला विज्ञले भनेका छन्।

चुरे तथा तराई क्षेत्रमा पछिल्लो समय बढेको वन फँडानीका कारण पनि बाढी-पहिरोको मात्रामा वृद्धि भएको छ। वर्षाको पानी रोक्ने रुख कटान हुँदा पानी सोझै जमिनमा पर्ने र सोस्न नसक्दा समस्या बढेर गएको भू-गर्भविद्ले बताएका छन्। बाढी-पहिरोलाई रोक्न सबैभन्दा पहिला वन-जगंलको संरक्षण गर्ने काम गरौं। जथाभावी वन-जंगल फँडानी गर्ने काम नगरौं। वन-जंगल बचाउने चेतनामूलक कार्यक्रमहरू देशभरि चलाऔं। त्यसो भयो भने केही मात्रमा भए पनि प्राकृतिक प्रकोपबाट जोगिन सकिन्छ। बोट-बिरुवा रोप्ने काममा पनि सबैले ध्यान दिनुपर्छ। बोट-बिरुवा रोपियो भने त्यो विस्तारै हुर्कदै जान्छ र ठूल्ठूला रुख हुन्छन्। त्यसले पहाडमा पहिरो जानबाट रोक्छ।

हामीले वन फँडानी जथाभावी गर्ने मात्र होइन, जोगाउने र बिरुवा रोप्नेतिर पनि लागौं। बिरुवा रोप्नेतिर कसैको ध्यान नै जाँदैन। खाली विनाश गर्ने काममा मात्र सबैको ध्यान छ। यसरी हुँदैन। वन-जगंल बोट-बिरुवा जोगाउने र संरक्षण गर्नेतिर हामी सबैको ध्यान जानुपर्छ। वर्षाका कारण अहिलेसम्म सयौंभन्दा बढी घर विस्थापित भएको अवस्था छ भने बाढीले सडक बगाएको छ। जसले गर्दा धेरै ठाउँमा सवारी आवागमन अवरुद्ध भएको छ।

धेरै ठाउँमा खोलाको बाँध फुटेर बस्तीमा बाढी पस्दा कयौं घर डुबानमा परेका समाचार बाहिर आएका छन्। बाढी प्रभावित क्षेत्रहरूमा उच्च सतर्कता अपनाउन जरुरी छ। यति बेला देशभरि नै अविरल वर्षाले जनजीवन प्रभावित छ। धेरैजसो पहाडीमार्ग अवरुद्ध छन्। ठाउँ-ठाउँमा पुल भत्किएका छन्। बाटो अवरुद्धका कारण जनताले धेरै सास्ती भोग्नुपरेको अवस्था छ। बाढी-पहिरोपछि कतिपय शहर र गाउँको सम्बन्ध नै टुटेको छ। अवरुद्ध बाटो खोल्ने काममा सम्बन्धित पक्षको ध्यान पुग्न सकेको छैन। उच्च जोखिममा रहेका बस्तीलाई जोगाउने काममा समयमै सतर्कता अपनाउने गरौं। बाढी-पहिरो र डुबानमा परेका नागरिकलाई उद्धार र राहत कार्यमा सक्रियताका साथ लागौं।

पाठक पत्र

प्रहरी जिम्मेवार बन

जप गर्ने माला तयार गर्न तिब्बतीहरूले प्रयोग गर्ने बोधिचित्त काभ्रेपलाञ्चोक जिल्लाको तेमाल क्षेत्रमा बाहेक अन्यत्र नपाइने भएकाले यसको मूल्य धेरै छ। एउटै बोटमा करिब सय केजी फल्ने भएकाले बोधिचित्तको बोट अमूल्य मानिन्छ। तर पनि यसका धनीहरूले उचित मूल्य पाइरहेका छैनन्। दलाल तथा गुन्डाहरूले यसबाट बढी लाभ लिने गरेका छन्। तर, कहिलेकाहीं दलाल तथा गुन्डाहरूबीच बोधिचित्त कसले लैजाने भन्ने विषयमा झगडा हुने गर्दछ। झगडाका कारण कैयौं व्यक्तिको ज्यानसमेत गएका घटना पनि छन्। यस्ता विवादहरू अदालतमा पनि मुद्दा बनेर पुग्ने गरेका छन्। यसमा प्रहरी चनाखो बनोस्।

हिमाली क्षेत्रमा यार्सागुम्बालगायत बहुमूल्य जडिबुटी लुटिने घटनामा प्रहरीको संलग्नता रहने गरेका घटनाहरू समाचारका रूपमा यदाकदा आइरहन्छन्। प्रहरी संगठनभित्र आफ्नो दायित्व निर्वाह नगर्ने र लामा हात गर्नेहरू हाबी हुँदा राज्यका सबै संयन्त्रमा भ्रष्टाचार बढ्छ। तस्करी मौलाउँछ। भ्रष्टाचार र तस्करी मौलाउनु भनेको राजस्व गुम्नु हो। जब राजस्व गुम्छ सरकारसँग राज्य सञ्चालनका लागि आर्थिक स्रोत हुँदैन। प्रहरीको संलग्नताबिना नेपालमा लागूऔषधको कारोबार सम्भव छैन। तर, त्यो लागूऔषध आफ्नै छोराछोरीका लागि प्रयोग भयो भने के होला ? यसतर्फ पनि प्रहरी संगठनमा रहेकाहरूले ख्याल गरेको देखिन्न। सबैतिर प्रहरी चनाखो हुनुपर्‍यो।

- पुनम न्यौपाने, काभ्रे।

स्थानीय सरकार सञ्चालकहरूको सोच

पूर्णचन्द्र उपाध्याय

सिंहदरबारको अधिकार गाउँ-गाउँमा पुगेको कुरा गरिएको छ, सबैले सुनेकै कुरा हो। तर, जनताका अधिकार के-के हुन् ? जनताका अधिकारलाई स्थानीय सरकारले आफ्नो नीति तथा कार्यक्रममा कसरी सुनिश्चित गरेको छ ? विकास भनेको हाम्रो परिवेशमा के-के हो ? खास गरी बाँकेको सन्दर्भमा। विकासमा जनताको भूमिकालाई कसरी हेरिएको छ ? अझै भन्ने हो भने विपन्न परिवारका जनता, भौगोलिक विकटतामा बाँचिरहेका जनता, सामाजिकरूपमा पछाडि पारिएका जनता, पहुँच, नियन्त्रण र स्वामित्वको प्रक्रियाबाट सधैं टाढा रहेका जनता, साधन स्रोतको बाँडफाँडमा विभेद गरिएका जनता, के यी जनताहरूको जीवनमा समृद्धि ल्याउने नीति तथा कार्यक्रमहरू प्रक्रियागतरूपमा ल्याइए ? वा ल्याइँदै छन् ? यीनै प्रश्नहरूका आधारमा म संयुक्त राष्ट्रसंघको विकासको अधिकारसम्बन्धी घोषणापत्र, संघीय संसद्को संयुक्त बैठकमा प्रस्तुत २०७५/०७६ को बजेट वक्तव्य, बजेटको उद्देश्य, बजेटको प्राथमिकता, स्थानीय तहको वार्षिय योजना तथा बजेट तर्जुमा दिग्दर्शन-२०७४ र विकासको अवधारणाभित्र रहेर बाँके जिल्लाका स्थानीय सरकारको आव २०७५/०७६ नीति तथा कार्यक्रम, बजेट कसरी तयारी गरिँदै छ। विश्लेषण गर्न आवश्यक देखिएकाले आफ्ना विचार राख्न खोजेको छु।

संयुक्त राष्ट्रसंघबाट ४ डिसेम्बर १९८६ मा विकासको अधिकारसम्बन्धी घोषणापत्र पारित गरियो। यस घोषणापत्रले विकास एउटा प्रक्रिया भएको र यसले सम्पूर्ण जनतालाई समेट्नुपर्छ भन्ने स्पस्ट गर्दै वास्तवमा विकास अधिकार हो भन्ने उद्घाटित गरेको छ। विकास कसैले गरिदिने वा ल्याइदिने दान वा कृपाको वस्तु नभई जनताको अधिकार हो भनिएको छ। सबै मानिसले आफ्नो व्यक्तिगत, पारिवारिक, समूहगत वा सामुदायिक विकासका लागि समान अवसर पाउने कुरा स्वतः शिद्ध छ। जनताले आफ्ना समस्या वा आवश्यकता पहिचान गर्ने, आफ्नो चौतर्फी विकास, विकासका लागि योजना र कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्ने, त्यसको अनुगमन र मूल्यांकन गर्ने, त्यसबाट हुने लाभको न्यायपूर्ण वितरण प्राप्त गर्ने नै विकासको अधिकार हो भनिएको छ।

संघीय संसद्को संयुक्त बैठकमा प्रस्तुत आव २०७५/०७६ को बजेट वक्तव्य नं. ३ मा उल्लेख छ- 'वर्तमान सरकार समृद्ध नेपाल सुखी नेपाली बनाउने दीर्घकालीन उद्देश्यअनुरूप आर्थिक सामाजिक विकासको मौलिक ढाँचामा अघि बढिरहेको छ।' अगाडि भनिएको छ- 'सबै नागरिकका लागि मर्यादित काम, न्यूनतम खाद्य सुरक्षा, आधारभूत स्वास्थ्य शिक्षाको सुविधा, स्वाच्छ खानेपानी र सुरक्षित आवास जस्ता अत्यावश्यक आवश्यकताहरूको परिपूर्ति नै हाम्रो समाजवादतर्फको यात्राको प्रस्थान बिन्दु हुनेछ।' साथै प्रस्तुत बजेटका तीन उद्देश्य उल्लेख गरिएको छ, पहिलो- नागरिकको मौलिक हकका रूपमा रहेका जीवनयापनका न्यूनतम आधारभूत आवश्यकताहरू शीघ्र परिपूर्ति गर्दै चरम गरिबी, विपन्नता र पछौटेपन अन्त्य गर्ने, दोस्रो- साधन स्रोत, अवसर र क्षमताको विकास तथा उच्चतम उपयोग गरी द्रुत आर्थिक तथा मानवीय विकास गर्ने र तेस्रो- आर्थिक भौतिक तथा सामाजिक पूर्वाधार विकास गरी समुन्नत, सुदृढ, स्वाधीन र समाजवाद उन्मुख अर्थतन्त्रको निर्माण गर्ने।

स्थानीय तहको वार्षीय योजना तथा बजेट तर्जुमा दिग्दर्शन-२०७४ ले बजेट विनियोजनका आधार र प्राथमिकताहरू तोकिदिएको छ। क्रमशः आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने, स्थानीय सहभागिता जुटने, स्वयंसेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने, स्थानीय स्रोत साधन र सीपको अधिकतम् प्रयोग हुने, महिला बालबालिका तथा पीछडिएको क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैंगिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने, दिगो विकास, वातावरण संरक्षण तथा सम्वर्द्धन गर्न सघाउ पुऱ्याउने, भाषिक तथा सामाजिक पक्षको जर्गेना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुऱ्याउने र स्थानीय तहले आवश्यक देखेका अन्य विषयहरू प्राथमिकताका विषयहरू हुन् भनिएको छ।

बाँकेको सन्दर्भमा हेर्दा हाम्रो समाजको बनावट विश्लेषण गर्नु आवश्यक देखिन्छ। नेपालका विभिन्न स्थानबाट बसाइँसराइ गरी आएको समुदाय, आदिवासी थारू, मधेसी तथा मुस्लिम जाति समुदायको मिश्रित बसोबास बाँके जिल्लाको पहिचान हो। राजनैतिक, सामाजिक जागरण, स्रोत साधनमाथिको पहुँच, नियन्त्रण र स्वामित्व ग्रहणमा बसाइँसराइ गरी आएको समुदायको सामर्थ र क्षमता देखिन्छ। मधेसी तथा मुस्लिम समुदायमा सामाजिक समावेशीकरण र राजनीतिक सचेतनतामा कमी रहेको छ भने रुढीगत पुरातनवादी सोचले अहिले पनि घर गरिरहेको छ। भखैरै राजनैतिक र पहिचानका सवालमा जागरण देखिएको छ। विश्व समाज द्रुत परिवर्तनको दिशामा रहेको तर यी यस्ता समुदाय र समाजको सोच र व्यवहारमा परिवर्तन ल्याउन र क्षमताको विकास गर्न सकिएन भने समानुपातिक विकास सम्भव हुँदैन। थारू समुदाय कर्मशील छ तर साधन र स्रोतका आधारमा कमजोर रहेको छ। यस समुदायमा सामाजिक विभेद छैन भन्दा पनि हुन्छ। राजनैतिक जागरण बढेको भए पनि कमैया र कमलरी प्रथाबाट गुज्रिएको यो समाजका धेरै परिवार गरिबीको रेखामुनि रहेका छन्। अब हामीले योजना बनाउँदा के कुरालाई प्राथमिकता दिने हो ? कुन समाजको परिवर्तनका लागि कस्ता योजना तयारी गर्ने ?

चरम गरिबी, विपन्नता र पछौटेपन अन्त्य गर्ने नेपाल सरकारको यस वर्षको बजेटको पहिलो उद्देश्य रहेको छ। के यो उद्देश्य पूरा गर्नेतर्फ हाम्रा योजनाहरू लक्षित छन् ? हामीले योजना बनाउँदा के कुरालाई आधार बनाउछौं। न त हामीसँग तथ्य तथ्याङ्क छन् ? न त हामीसँग स्थानीय सरकारको सीमानाभित्रको योजना तयारीका लागि आवश्यक सूचना छ ? उदाहरणका लागि विद्यालय बाहिर ३० जना बालिका छन् यो तथ्याङ्क हामीसँग छ। अब आव २०७५/०७६ को योजनाअनुसार यी बालिकाहरूलाई विद्यालयको दायरामा ल्याउने कार्यक्रम बनाउन सक्छ। बाँके जिल्लाका सबै स्थानीय सरकार सञ्चालकहरू, खास गरी कार्यपालिका जो निर्णायक छ यसका प्रतिनिधिहरूको सोच र क्षमतामा निर्भर रहन्छ नत्र समृद्धि बाटोमा देखिनेछ, भौतिक पूर्वाधारमा देखिनेछ। मानिसको गरिबी जस्ताको तस्तै, पछौटेपन जस्ताको तस्तै रहनेछ।

(लेखक उपाध्याय जिफन्टको राष्ट्रिय कमिटीका वैकल्पिक सदस्य हुनुहुन्छ।)

सामाजिक सञ्जाल



एउटा कुरा त प्रस्टै छ, यदि यहाँका अधिकांश 'कम्युनिस्ट' नामधारी पार्टीहरु साँच्चिकै 'कम्युनिस्ट पार्टी हुन्थे भने यिनका अहिलेका धेरै कार्यकर्ता अरु नै पार्टीमा हुन्थे।

Mahabir Bishwakarma
@MahabirBswkrma

जब समाजवादको मर्मविपरीतको चिकित्सा शिक्षा विधेयक ल्याउन वामपन्थी सरकार लाग्छ अनि डा. केसीलाई आफ्नो काम छाडेर बिरामीको विचल्ली बनाएकोमा 'चिन्ता' व्यक्त गरिन्छ, तब लाग्छ- साँच्चै सतीले सरापेकै देश रहेछ।

रमेश
@RaameshKoirala

फूलको कुरा गर या पातको
रंगको कुरा गर या जातको।
तिम्रो हरेक कुरामा दम छ
वियोगको कुरा गर या साथको।

Hemraj Dhungana
@HEMRAJDHUNGANA